# ९. सार्वजनिक संस्थान तथा निजीकरण

**समग्र समीक्षा**

९.१ सार्वजनिक सेवालाई प्रभावकारी बनाई सर्वसाधारणलाई सुपथ मूल्यमा सरल र सहज ढङ्गबाट वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले सार्वजनिक संस्थानहरू स्थापना गरिएका हुन । सार्वजनिक संस्थानहरूको उद्देश्य राज्यको आर्थिक वृद्धि उकास्ने, सार्वजनिक वचत परिचालन गर्ने, रोजगारी प्रदान गर्ने, निजी क्षेत्रको एकाधिकार नियन्त्रण गर्ने, समाजमा रहेको वितरणको विभेद हटाउने, राष्ट्रिय स्रोत र सम्पदाको उपयोग र संरक्षण गर्ने रहेको छ । समग्रमा सार्वजनिक संस्थानहरू राज्यको आर्थिक, सामाजिक र राजनैतिक उद्देश्यहरू परिपूर्तिका लागि स्थापना गरिएका हुन्छन् । यस्ता उद्देश्य प्राप्त गर्न सार्वजनिक संस्थानहरूलाई प्रतिस्पर्धी र व्यावसायिक बनाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनु पर्दछ । यसमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा सञ्चालित ३६ वटा सार्वजनिक संस्थानहरू र आंशिक स्वामित्व रहेका ३९ वटा संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को भौतिक एवं वित्तीय प्रगतिहरूको आधारमा कार्य सम्पादन समीक्षा गरिएको छ ।

९.२ आर्थिक वर्ष २०६४/६५ मा ३६ वटा सरकारी संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १ खर्ब २४ अर्व ८९ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा ती संस्थानहरूको सम्पत्ति रू. ८ अर्व ८५ करोडले वृद्धि भई कुल स्थिर सम्पत्ति रू. १ खर्ब ३३ अर्ब ७४ करोड पुगेको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा औद्योगिक क्षेत्रका संस्थानहरू मध्ये नेपाल औषधि लिमिटिड र नेपाल ओरिण्ड म्याग्नेसाइट, जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेड, हेटौंडा सिमेण्ट उद्योग, उदयपुर सिमेण्ट उद्योग लिमिटेडको स्थिर सम्पत्ति घटेको देखिएको छ भने नेपाल विद्युत प्राधिकरण तथा नेपाल दूर संचार कम्पनीले क्रमशः रू. ६ अर्व ९४ करोड र रू. १ अर्व ८६ करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरूको स्थिर सम्पत्ति समग्रमा बढ्न गएको छ ।

९.३ सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा सञ्चालित ३६ वटा सार्वजनिक संस्थानहरूको कुल शेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. ४८ अर्ब ११ करोडको हाराहारीमा रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा सोबाट वृद्धि भई रू. ६१ अर्ब १० करोड पुग्न गएको छ । यसबाट समग्रमा संस्थानहरूको जगेडा कोषमा वृद्धि भई सुधारको संकेत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्यांक अनुसार आर्थिक वर्ष २०६४/६५ मा सार्वजनिक संस्थानहरूमा सरकारको शेयर लगानी रू. ८१ अर्ब ९२ करोड रहेकोमा २०६५/६६ को अन्तमा रू. ८६ अर्ब १३ करोड पुग्न गएको र लगानीको अनुपातमा करिव ३० प्रतिशत पुँजी क्षय भएको देखिन्छ, जुन अघिल्लो वर्षको दाँजोमा सुधारोन्मुख देखिन्छ । यसैगरी, आर्थिक वर्ष २०६४/६५ सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको ऋण लगानी रू. ८३ अर्ब ५२ करोड

रहेकोमा सो मा कमी आई आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा रू. ७९ अर्ब ४ करोड रहेको देखिन्छ। यस ऋण रकममा नेपाल सरकारको ऋण, अन्तर्राष्ट्रिय संघ-संस्थाबाट लिएर नेपाल सरकारले प्रवाह गरेको ऋण र बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको अल्पकालीन तथा दीर्घकालीन ऋण समेत समावेश गरिएको छ।

९.४ आर्थिक वर्ष २०६४/६५ मा ३६ वटा सार्वजनिक संस्थानहरू मध्ये १७ वटाले खुद मुनाफा आर्जन गरेका र १९ वटा संस्थान घाटामा सञ्चालित थिए भने आर्थिक वर्ष २०६५/६६ मा ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये १८ वटा नाफामा र १८ वटा घाटामा सञ्चालित छन्। त्यसैगरी, सबै ३६ वटा संस्थानहरूको समग्र नाफा/नोक्सान विश्लेषण गर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल मुनाफा रू. ४ अर्ब ९४ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा कुल मुनाफामा वृद्धि भई १० अर्ब ५५ करोड पुगेको देखिन्छ। उल्लेखनीय नाफा आर्जन गर्ने संस्थानहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले रू. १० अर्ब १८ करोड, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले रू. २ अर्ब ६ करोड, नेपाल आयल निगम लिमिटेडले रू. ३ अर्ब ३१ करोड, कृषि विकास बैंक लिमिटेडले रू. १ अर्ब ५ करोड नाफा आर्जन गरेका छन्। समग्रमा आर्थिक वर्ष २०६४/६५ को दाँजोमा आर्थिक वर्ष २०६५/६६ मा सर्वजनिक संस्थानहरूको मुनाफा वृद्धि भई केही सुधार भएको देखिन्छ।

९.५ आर्थिक वर्ष २०६५/६६ मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र राष्ट्रिय बीमा संस्थान गरी जम्मा ४ वटा सार्वजनिक संस्थानहरूबाट रू. ३ अर्ब ४७ करोड लाभांश नेपाल सरकारलाई प्राप्त भएको छ जुन कुल शेयर लगानीको ४.०३ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष आर्थिक वर्ष २०६४/६५ मा चार वटा सार्वजनिक संस्थानहरूबाट नेपाल सरकारलाई रू. १ अर्ब ५१ करोड लाभांश प्राप्त भएको थियो।

## क्षेत्रगत विश्लेषण

### औद्योगिक क्षेत्र

९.६ औद्योगिक क्षेत्रका सात वटा संस्थानहरूले आर्थिक वर्ष २०६५/६६ मा कुल रू. ४ अर्ब ४९ करोड ५ लाखको उत्पादन एवं विक्री कारोवार गरेका छन् जुन आर्थिक वर्ष २०६४/६५ को भन्दा ३.३४ प्रतिशतले बढी छ। मुख्यरुपमा दुग्ध विकास संस्थान, हेटौडा सिमेण्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि. र उदयपुर सिमेण्ट उद्योग लि. ले क्रमशः रू. २ अर्ब १९ करोड ३३ लाख, ७७ अर्ब ७ करोड, ८९ अर्ब ३४ करोड तथा रू. ५५ अर्ब २८ करोड विक्री कारोवार गरी यस क्षेत्रको विक्रीमा प्रमुख योगदान पुऱ्याएका छन्। गत वर्षको तुलनामा हेटौंडा सिमेण्ट उद्योग लि. को कुल बिक्रीमा २२.१३ प्रतिशतले ह्रास आएको छ भने उदयपुर सिमेण्ट उद्योग लि. को कुल बिक्रीमा सामान्य वृद्धि भएको छ। दुग्ध विकास संस्थानको विक्रीमा २१.८० प्रतिशतले उत्साहकजनक वृद्धि भएको छ। यस अवधिमा नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लि. को कुनै बिक्री छैन।

### नाफा नोक्सानको स्थिति

९.७ आर्थिक वर्ष २०६४/६५ मा औद्योगिक क्षेत्रका सात वटा संस्थानहरूको खुद नोक्सान रू. ४३ करोड ५९ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा सो नोक्सान बढेर रू. ७० करोड ११ लाख पुगेको छ जसमा उदयपुर सिमेण्ट उद्योग लि. को नोक्सानी रू. २६ करोड ६० लाखबाट घटेर रू. २३ करोड ४५ लाख र जनकपुर चुरोट कारखानाको नोक्सानी रू. १५ करोड ४५ लाखबाट सीमान्तरुपमा घटेर रू. १५ करोड ४ लाख पुगेको छ। नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.को आर्थिक वर्ष २०६५/६६ को नोक्सानी गत वर्षको रू. ८ करोड ६१ लाखबाट कमी भई रू. ८ करोड ५२ लाख पुगेको छ। दुग्ध विकास संस्थानको आर्थिक वर्ष २०६४/६५ मा रू. ८ करोड ९८ लाख खुद नोक्सान रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा खुद नोक्सानी घटेर रू. ८६ लाखमा आएको छ। नेपाल औषधि लि. ले आर्थिक वर्ष २०६४/६५ मा ६ करोड ६१ लाख मुनाफा गरेकोमा आर्थिक वर्ष २०६५/६६ मा १६ करोड २१ लाख खुद नोक्सान गरेको देखिन्छ। औद्योगिक क्षेत्रका सात वटै संस्थानहरू घाटामा सञ्चालित छन्।

### ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.८ आर्थिक वर्ष २०६४/६५ मा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६२ करोड ८३ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस्तो ऋण रकममा खासै ठूलो अन्तर परेको देखिंदैन। २०६६ असार मसान्तमा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६८ करोड ९४ लाख रहेको छ। यस्तै, खुद स्थिर सम्पत्ति रू. ४ अर्ब ६७ करोड १ लाखबाट रू. १ करोड ३४ लाख घट्न गई रू. ४ अर्ब ६५ करोड ६७ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस क्षेत्रका सात वटै संस्थानहरूको कुल शेयरधनी कोष रू. १ अर्ब ७ करोड ७३ लाख ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा सो कुल शेयरधनी कोष रू. १ अर्ब ४१ करोड ७८ लाख ऋणात्मक हुन पुगेको छ। दुग्ध विकास संस्थानको शेयरधनी कोष गत आर्थिक वर्षको तुलनामा रू. ११ करोड ७ लाखले वृद्धि भएतापनि औद्योगिक क्षेत्रको कुल शेयरधनी कोष यस वर्ष पनि थप ऋणात्मक भएको छ। समग्रमा औद्योगिक क्षेत्रको आर्थिक वर्ष २०६५/६६ को प्रगति सन्तोषजनक देखिदैन।

### व्यापारिक क्षेत्र

९.९ व्यापारिक क्षेत्र अन्तर्गत रहेका छ वटा सार्वजनिक संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को कुल बिक्री कारोवार रू. ५० अर्ब ६५ करोड २९ लाख रह्यो। यो आर्थिक वर्ष २०६४/६५ को रू. ४१ अर्ब ६ करोड ६४ लाखको तुलनामा २३.३४ प्रतिशतले बढी छ। व्यापारिक क्षेत्रका सरकारी संस्थानहरूको कुल बिक्रीमा करिव ९६.०५ प्रतिशत योगदान नेपाल आयल निगम लि. को रहेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा नेपाल आयल निगम लि. को बिक्री रू. ९ अर्ब ८२ करोड २ लाखले बढेको छ। कृषि सामग्री कम्पनीको बिक्री आर्थिक वर्ष २०६४/६५ मा रू. १६ करोड १५ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६

मा १८.२० प्रतिशतले ह्रास आई रू. १३ करोड २१ लाखमा झरेको छ। यसबाट सो संस्थाको दिगोपनामा गत वर्ष उठाइएको प्रश्नचिन्ह यथावत रहेको छ।

**नाफा नोक्सानको स्थिति**

९.१० आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका सार्वजनिक संस्थानहरूको खुद नोक्सानी रू. ५ अर्ब ६९ करोड १३ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा खुद नाफा रू. ३ अर्ब २२ करोड ५६ लाख पुगेको छ। नेपाल आयल निगमले आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्ब ५७ करोड ४५ लाखको नोक्सानी व्यहोरेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ३ अर्ब ३१ करोड ४१ लाख नाफा गर्न सक्षम भएको छ। नेपाल आयल निगमको नाफामा भएको वृद्धिले गर्दा व्यापारिक क्षेत्रको खुद नाफामा वृद्धि हुन आएको हो। यस क्षेत्रका संस्थानहरूमध्ये राष्ट्रिय बीउ बीजन कम्पनी लि., दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र नेपाल खाद्य संस्थानले आर्थिक वर्ष २०६५/६६ मा क्रमशः रू. ८ लाख, रू. ५ करोड ३१ लाख र रू. ५१ लाख खुद नाफा गरेका छन्। कृषि सामग्री कम्पनी लिमिटेडको यस आर्थिक वर्ष २०६५/६६ को नोक्सानी रू. ११ करोड ३० लाख रहेको छ।

**ऋण, सम्पत्ति तथा शेयरधनी कोष**

९.११ २०६६ असार मसान्तमा व्यापारिक क्षेत्रका संस्थानहरूको कुल ऋण रू. १२ अर्ब २७ करोड २७ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा उक्त ऋण रू. १४ अर्ब १३ करोड ३ लाख रहेको थियो। आर्थिक वर्ष २०६४/६५ सम्म नेपाल आयल निगम लि. को ऋण तथा तिर्नुपर्ने बक्यौता रकम निरन्तर बढने क्रममा रहेको भएता पनि आर्थिक वर्ष २०६५/६६ मा रू. १ अर्ब ९१ करोड ३३ लाखले घटेको हुदाँ समग्र व्यापारिक क्षेत्रको ऋण रकममा कमी आएको देखिन्छ। यस बाहेक नेशनल ट्रेडिङ्ग लि. को ऋण रकम आर्थिक वर्ष २०६४/६५ को रू. ३५ करोड ५६ लाखले कमी भई रू. ४१ करोड ६४ लाखमा झरेको छ। आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८२ करोड ८२ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ९२ लाख वृद्धि भई रू. १ अर्ब ८३ करोड ७४ लाख पुग्न गएको छ। आर्थिक वर्ष २०६५/६६ मा व्यापारिक क्षेत्रका संस्थानहरूको स्थिर सम्पत्तिमा उल्लेख्य थपघट भएको देखिदैन। त्यस्तै, समग्र शेयरधनी कोष ऋणात्मक भएतापनि कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ बीजन कम्पनी लि. र दि. टिम्बर कर्पोरेशन अफ नेपाल लि.को शेयरधनी कोष भने धनात्मक छ। समग्रमा व्यापारिक क्षेत्रका संस्थानहरूको तुलनामा आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा शेयरधनी कोष रू. ७ अर्ब १४ करोड ८७ लाख ऋणात्मक रहेको छ।

**सेवा क्षेत्र**

९.१२ सेवा क्षेत्र अन्तर्गतका सात वटा सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ को तुलनामा १३.३८ प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब ७६ करोड १२ लाखमा झरेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा

नेपाल नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. ले आफ्नो कारोवार बढाएका छन् । नेपाल वायुसेवा निगमको आम्दानी रू. ३ अर्ब ३१ करोड २८ लाखबाट घटेर रू. २ अर्ब २७ करोड १९ लाखमा झरेको छ। साथै, नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.को आम्दानी घटेको छ भने नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.को कारोवार बढेको छ ।

### नाफा नोक्सानको स्थिति

९.१३ आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा समग्र सेवा क्षेत्रका संस्थानहरूको खुद नोक्सानी रू. ५९ करोड ३४ लाख रहेको छ जुन आर्थिक वर्ष २०६४/६५ को खुद नाफा रू. २१ करोड ५३ लाखको तुलनामा करिव ३७५.१ प्रतिशतले ह्रास आएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रका नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. र नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.को खुद मुनाफा क्रमशः रू. ४१ करोड २७ लाख, रू. १ करोड ९५ लाख र रू. ८९ लाख रहेको भएता पनि यस आर्थिक वर्षमा नागरिक उड्डयन प्राधिकरणले रू. ५९ करोड ९० लाख घाटा व्यहोर्नु परेको छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल वायु सेवा निगमको खुद नोक्सानी रू. १९ करोड ७१ लाख रहेकोमा यस आर्थिक वर्षमा रू. ३ करोड खुद मुनाफा गर्न सफल भएको छ। नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि., नेपाल इन्जिनियरिङ्ग सेवा कन्सल्टेन्सी लि. तथा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. आर्थिक वर्ष २०६५/६६ मा पनि नोक्सानी मै सञ्चालित रहेका छन् ।

### ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१४ सेवा क्षेत्रका संस्थानहरूमध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणले मात्र ऋण उपभोग गरिरहेका छन् । आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा नेपाल वायुसेवा निगमको रू. १ अर्ब ६४ लाख र नागरिक उड्डयन प्राधिकरणको रू. २ अर्ब ८ करोड ७२ लाख गरी सेवा क्षेत्रमा कुल ऋण रू. ३ अर्ब ९ करोड ३६ लाख बक्यौता रहेको छ । सेवा क्षेत्रका संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १० अर्ब २९ करोड रहेको देखिन्छ जुन आर्थिक वर्ष २०६४/६५ को हाराहारी मै रहेको छ। सेवा क्षेत्रका ७ वटा सरकारी संस्थानहरूमध्ये नेपाल वायुसेवा निगमको शेयरधनी कोष रू. १ अर्ब २८ करोड ७० लाखले ऋणात्मक रहेको छ भने बाँकी ६ वटा संस्थानहरूको शेयरधनी कोष धनात्मक नै रहेको छ । सेवा क्षेत्रका संस्थानहरूको शेयरधनी कोष समग्रमा रू. ८ अर्ब १ करोड ७९ लाखले धनात्मक रहेको छ ।

### सामाजिक क्षेत्र

९.१५ सामाजिक क्षेत्र अन्तर्गतका पाँचवटा सार्वजनिक संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को कुल सञ्चालन आय रू. १ अर्ब ४९ करोड १२ लाख रहेको छ र यो आर्थिक वर्ष २०६४/६५ को भन्दा रू. ३७ करोड ३१ लाख बढी हो। यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लि. ले सवैभन्दा बढी रू. ८६ करोड ४५ लाखको बिक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रू. १९ करोड ९४ लाख र गोरखापत्र संस्थानले पनि रू.

३६ करोड १२ लाखको कारोवार गरेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा यी संस्थानहरूको कुल बिक्रीमा ३३.३७ प्रतिशत वृद्धि भएकोले समग्र सामाजिक क्षेत्रको कुल बिक्री कारोवार बढेको देखिन्छ।

**नाफा नोक्सानको स्थिति**

९.१६ आर्थिक वर्ष २०६४/६५ मा सामाजिक क्षेत्रका सार्वजनिक संस्थानहरूको खुद नोक्सानी रू. १२ करोड ४९ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा नोक्सानी रू. १५ करोड ८३ लाखले वृद्धि भई खुद नोक्सानी रू. २८ करोड ३२ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा गोरखापत्र संस्थान र ग्रामीण आवास कम्पनी लि. ले नाफा गरेको भएतापनि बाँकी रहेका तीन वटा संस्थानहरू यस वर्ष नोक्सानीमा रहेका छन्। समीक्षा अवधिमा नेपाल टेलिभिजन, जनक शिक्षा सामग्री केन्द्र लि. र सास्कृतिक संस्थानको नोक्सान क्रमशः रू. ८ करोड ३ लाख, रू. २१ करोड ४८ लाख र रू. ५४ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा ग्रामिण आवास कम्पनी लि. नोक्सानमा रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा रू. ५३ लाख नाफा गरेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रगति अनुमान अनुसार यस क्षेत्रको खुद नोक्सानी रू. २ करोड ३६ लाखको हाराहारीमा रहने अनुमान गरिएको छ।

**ऋण, सम्पत्ति तथा शेयरधनी कोष**

९.१७ सामाजिक क्षेत्रका संस्थानहरूमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानको मात्र ऋण दायित्व देखिन्छ यो क्रमशः रू. २० करोड ६७ लाख र रू. २ करोड ७ लाख रहेको छ। साँस्कृतिक संस्थानको दीर्घकालीन ऋण रकम आर्थिक वर्ष २०६१/६२ मा रू. १० करोड २० लाख रहेकोमा सोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रू. १२ करोड ७३ लाख, आर्थिक वर्ष २०६३/६४ मा रू. १६ करोड २३ लाख, आर्थिक वर्ष २०६४/६५ मा रू. १८ करोड ४३ लाख र आर्थिक वर्ष २०६५/६६ मा रू. २० करोड ६७ लाख पुगेको छ। गोरखापत्र संस्थानको आर्थिक वर्ष २०६४/६५ मा रू. २ करोड ४६ लाख ऋण बक्यौता रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. २ करोड ७ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा सामाजिक क्षेत्रका संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ४ करोड ४५ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा केही वृद्धि भई रू. १ अर्ब ६ करोड ६५ लाख पुगेको छ। आर्थिक वर्ष २०६५/६६ मा स्थिर सम्पत्ति उल्लेख्यरुपमा बढेको देखिदैन। सामाजिक क्षेत्रका संस्थानहरूको शेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. १ अर्ब ४९ करोड २१ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा घटेर रू. १ अर्ब १८ करोड १२ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रका कुनै पनि संस्थानहरूको शेयरधनी कोष ऋणात्मक नभएपनि आर्थिक वर्ष २०६५/६६ मा भने सांस्कृतिक संस्थानको शेयरधनी कोष ऋणात्मक रहेको छ। समग्रमा सामाजिक क्षेत्रका संस्थानहरूको बिक्री अवस्था संतोषजनक देखिएतापनि यस अन्तर्गतका संस्थानहरूको घाटामा सुधार आउन सकेको छैन।

**जनोपयोगी क्षेत्र**

९.१८ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. ३२ अर्ब २१ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ९.६५ प्रतिशतले वृद्धि भई रू. ३५ अर्ब ३१ करोड ६० लाख पुगेको छ। काठमाण्डौं उपत्यकामा खानेपानी व्यवस्थापन गर्न छुट्टै काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड गठन गरी नेपाल खानेपानी संस्थानको कार्यक्षेत्र उपत्यका वाहिर मात्र सीमित गरिएकाले सो संस्थानको कुल आम्दानी आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. २४ करोड १७ लाखमा सीमित भएतापनि आर्थिक वर्ष २०६५/६६ मा सो आम्दानी केही बढेर रू. २४ करोड ७९ लाख भएको छ भने नेपाल विद्युत प्राधिकरणको सञ्चालन आय गत वर्ष रू. १५ अर्ब १८ करोड रहेकोमा यस वर्ष ४.९८ प्रतिशतले ह्रास भई रू. १४ अर्ब ४२ करोड १५ लाख पुगेको छ। यस्तै, नेपाल दूरसञ्चार कम्पनी लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. १६ अर्ब ७८ करोड ८४ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा २२.९८ प्रतिशतले वृद्धि भई रू. २० अर्ब ६४ करोड ६६ लाख पुगेको छ।

**नाफा नोक्सानको स्थिति**

९.१९ यस क्षेत्रका संस्थानहरूको खुद मुनाफा आर्थिक वर्ष २०६४/६५ को रू. ७ अर्ब १ करोड ६९ लाखबाट ३४.८२ प्रतिशतले घटेर आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब ५७ करोड ३७ लाख पुगेको छ। यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा नेपाल दूरसञ्चार कम्पनी लि. मात्र रू. १० अर्ब १७ करोड ८० लाख खुद मुनाफामा रहेको छ। नेपाल दूरसञ्चार कम्पनी लि. को योगदानले समग्र जनोपयोगी क्षेत्र मुनाफामा रहन मद्दत पुऱ्याएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थानले क्रमशः रू. ५ अर्ब ५३ करोड ७७ लाख र रू. ६ करोड ६७ लाख घाटा व्यहोरेका छन्। नेपाल दूरसञ्चार कम्पनी लि. को आर्थिक वर्ष २०६६/६७ मा खुद मुनाफा रू. १२ अर्ब २ करोड ८६ लाख पुग्ने अनुमान रहेको छ।

**ऋण, सम्पत्ति तथा शेयरधनी कोष**

९.२० आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रू. ६५ करोड ९५ लाख र नेपाल विद्युत प्राधिकरणको रू. ५४ अर्ब ९५ करोड १७ लाख ऋण रहेको छ। यस क्षेत्रका संस्थानहरूको ठूलो लगानी स्थिर सम्पत्तिमा छ। निर्माणाधिन सम्पत्ति समेत गरी आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ खर्ब ५ अर्ब ५५ करोड ७१ लाखको खुद स्थिर सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा सो बढेर रू. १ खर्ब १४ अर्ब ४० करोड ६५ लाख पुगेको छ। यस क्षेत्रका संस्थानहरूको शेयरधनी कोष धनात्मक रहेको छ।

**वित्तीय क्षेत्र**

९.२१ वित्तीय क्षेत्रका आठ वटा सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा ५.९५ प्रतिशतले वृद्धि भई रू.

११ अर्ब ५७ करोड ८१ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल औद्योगिक विकास निगम लि. ले नविल बैकको २ लाख ६५ हजार ५ सय ७० कित्ता शेयर बिक्री गरेकोले आयमा उल्लेखनीयरुपमा वृद्धि भई कुल सञ्चालन आय वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ९७ करोड ५५ लाखले आय घटेर रू. १४ करोड ९५ लाख कायम भएको छ। राष्ट्रिय बाणिज्य बैंक लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. ३ अर्ब २९ करोड ६५ लाखबाट बढेर आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब २४ करोड ३७ लाख पुगेको छ। कृषि विकास बैङ्क लि. र निक्षेप तथा कर्जा सुरक्षण निगम कम्पनी लि. को कुल सञ्चालन आयमा क्रमशः रू. ३१ करोड २५ लाख र ९ करोड ७४ लाखले वृद्धि भई क्रमशः ७.०८ र १२२.६७ प्रतिशत वृद्धि भएको छ। अन्य वित्तीय सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आयमा भने सामान्य वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा यस क्षेत्रमा भएको कुल सञ्चालन आय रू. ११ अर्ब ५७ करोड ८१ लाख कायम भई रू. ६५ करोड ५ लाखको वृद्धि भएकोले समग्र वित्तीय क्षेत्रका संस्थानहरूको सञ्चालन आयमा सकारात्मक योगदान पुगेको छ। आर्थिक वर्ष २०६२/६३ देखि कृषि विकास बैंक लि.ले 'क' वर्गको वित्तीय कारोवार गर्ने वाणिज्य बैङ्कको रुपमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाई विभिन्न बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

**नाफा नोक्सानको स्थिति**

९.२२ वित्तीय क्षेत्रको खुद मुनाफा आर्थिक वर्ष २०६४/६५ मा रू. ३ अर्ब ९६ करोड ३१ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ९.११ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब ३२ करोड ८७ लाख पुगेको छ। खासगरी राष्ट्रिय बाणिज्य बैंक लि, नेपाल औद्योगिक विकास निगम लि., नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कृषि विकास बैंक र राष्ट्रिय वीमा संस्थानको नाफा क्रमशः रू. २ अर्ब ६ करोड ११ लाख, रू. १५ करोड ८९ लाख, रू. ८ करोड ४८ लाख, रू. १ अर्ब ५ करोड ७६ लाख र रू. ८० करोड ८५ लाख रहेको छ। निक्षेप तथा कर्जा सुरक्षण निगम लि. ले आर्थिक वर्ष २०६४/६५ मा रू. २ करोड ८५ लाख नोक्सानमा गएकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ८ करोड ८७ लाख नाफा गरेको छ। आर्थिक वर्ष २०६४/६५ मा नागरिक लगानी कोषको मुनाफा रू. २ करोड ६६ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ७८.२० प्रतिशतले वृद्धि भई रू. ४ करोड ७४ लाख पुगको छ।

**ऋण, निक्षेप, लगानी र शेयरधनी कोष**

९.२३ आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस क्षेत्रका संस्थानहरूको ऋण रू. ३ अर्ब ९५ करोड ५४ लाख बाँकी रहेको छ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रू. ७ करोड ७३ लाख र राष्ट्रिय वाणिज्य बैंक लि. को रू. ३८७.३६ करोड रहेको छ। वित्तीय क्षेत्रका संस्थानहरूमध्ये कृषि विकास बैंक लि., राष्ट्रिय बाणिज्य बैंक लि. र नेपाल आवास विकास वित्त कम्पनी लि. ले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका छन्। नेपाल औद्योगिक विकास निगम लि. ले पनि बैकिङ्ग कारोवार गर्ने स्वीकृति प्राप्त गरेको छ। आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस्तो निक्षेप रू. १

खर्ब ४ अर्ब ७९ करोड ४१ लाख पुगेको छ जुन गत वर्षको रू. ९३ अर्ब ९४ करोड ३१ लाख भन्दा ११.५५ प्रतिशतले बढी हो। त्यस्तै, आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यी संस्थानहरूको खुद कर्जा प्रवाह तथा लगानी रू. ३१ अर्ब ३३ करोड ९४ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा २११.० प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ४७ करोड ४४ लाख पुगेको छ। समग्र वित्तीय क्षेत्रका संस्थानहरूको शेयरधनीकोष आर्थिक वर्ष २०६४/६५ मा रू. ७ अर्ब ९५ करोड ६९ लाखले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ८० करोड ४६ लाखले ऋणात्मक रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लि. को शेयरधनी कोष रू. १३ अर्ब ४७ करोड १७ लाखले ऋणात्मक रहेको कारणले अन्य सबै वित्तीय संस्थानहरूको शेयरधनी कोष धनात्मक नै भएता पनि समग्रमा शेयरधनी कोष ऋणात्मक देखिन गएको हो। सन् २००३ मा विश्व बैंकको सहयोगमा सञ्चालित वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लि. को व्यवस्थापन करारमा दिए पश्चात् उक्त बैंकको खुद सम्पत्ति (Networth) मा क्रमिकरुपमा सुधार आएको पाइन्छ।

**लेखापरीक्षणको अवस्था**

९.२४ सार्वजनिक संस्थानहरूले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था भएतापनि सोको पूर्ण पालना नगर्ने परिपाटी अझै विद्यमान छ। ३६ वटा सार्वजनिक संस्थानहरू मध्ये १४ वटाले आर्थिक वर्ष २०६५/६६ सम्मको, १५ वटाले आर्थिक वर्ष २०६४/६५ सम्मको, २ वटाले आर्थिक वर्ष २०६३/६४ सम्मको र २ वटाले आर्थिक वर्ष २०६२/६३ सम्मको मात्र लेखापरीक्षण सम्पन्न गराएका छन्। सार्वजनिक संस्थानहरूमध्ये ३ वटा संस्थानहरुको लेखापरीक्षण सम्बन्धी अत्यन्त कमजोर अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

**तालीका ९(क): लेखापरीक्षण हुन नसकेका केही संस्थानहरु**

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष |
|---|---|---|
| १. | नेपाल ओरिण्ट म्याग्नेसाइट प्रा. लि. | २०५७/५८ |
| २. | राष्ट्रिय बीमा संस्थान | २०५९/६० |
| ३. | उदयपुर सिमेन्ट उद्योग लि. | २०६१/६२ |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा।

कानूनले प्रष्टरुपमा समयावधि समेत तोकी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था हुँदाहुँदै केही संस्थानहरूले यस्तो कानुनी व्यवस्थाको पालना नगर्नुलाई सम्बन्धित संस्थानको व्यवस्थापकीय असक्षमता, गैर जिम्मेवारी एवम् लापरवाहीको रुपमा लिन सकिन्छ।

**संस्थानको सञ्चालक समितिमा सुधार**

९.२५ संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाविद्हरूलाई मात्र प्रतिनिधित्व गराउने र सञ्चालक सदस्य संख्या पाँचमा सीमित गर्ने नीति अनुरूप अधिकांश संस्थानमा यो व्यवस्था अवलम्बन गरी सकिएको छ। केही संस्थानहरूको

सञ्चालक समितिको सदस्य संख्या सम्बन्धित ऐन/नियमद्वारा नै तोकिएकोले त्यस्तो ऐन/नियममा संशोधन गरी सदस्य संख्या पाँचमा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ। यस अन्तर्गत पर्ने संस्थानहरूको नाम निम्नानुसार उल्लेख गरिएको छ:

**तालीका ९(ख): सञ्चालक समिति सम्बन्धी सुधार हुन बाँकी संस्थानहरु**

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | सञ्चालकको संख्या |
|---|---|---|
| १ | नेपाल आयल निगम लि. | ८ |
| २ | नागरिक उड्डयन प्राधिकरण | ८ |
| ३ | नेपाल आवाश विकास वित्त कम्पनी लि. | ८ |
| ४ | नेपाल विद्युत प्राधिकरण | ८ |
| ५ | नेपाल खाद्य संस्थान | ८ |
| ६ | नेपाल वायुसेवा निगम | ७ |
| ७ | राष्ट्रिय बीमा संस्थान | ७ |
| ८ | ग्रामीण आवास कम्पनी लि. | ७ |
| ९ | नेपाल खानेपानी संस्थान | ७ |
| १० | नेपाल स्टक एक्सचेञ्ज लि. | ६ |
| ११ | उदयपुर सिमेन्ट उद्योग लि. | ६ |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

**नेपाल सरकारको शेयर तथा ऋण लगानी**

९.२६ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको शेयर लगानी रू. ८६ अर्ब १३ करोड ४८ लाख रहेको छ। उक्त लगानीबाट आर्थिक वर्ष २०६५/६६ मा सरकारले रू. ३ अर्ब ४७ करोड १७ लाख लाभांश प्राप्त गरेको छ। शेयर लगानीको अनुपातमा लाभांशको प्रतिशत ४.०३ मात्र रहेको छ। त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा रू. ७४ अर्ब ६० करोड २६ लाख वक्यौता रहेको छ। यसमध्ये आन्तरिक ऋणतर्फ रू. १२ अर्ब २९ करोड ३५ लाख र वाह्य ऋणतर्फ रू. ६२ अर्ब ३० करोड ९१ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ को सरकारी संस्थान सम्बन्धी कार्य प्रगति तथा लक्ष्य विवरणमा विभिन्न संस्थानहरूमा नेपाल सरकारको शेयर र ऋण लगानी रकम सम्बन्धित संस्थानहरू र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको तथ्य औंल्याइएकोमा आर्थिक वर्ष २०६५/६६ को विवरणमा पनि हिसाव मिलानमा प्रगति भएको पाइएन। यसबाट अझै धेरै संस्थानहरूको शेयर र ऋण लगानी रकमको हिसाव मिलान गर्न बाँकी देखिन्छ। केही संस्थानहरुमा हुन नसकेको शेयर तथा ऋण लगानीको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

## तालीका ९(ग): नेपाल सरकारको शेयर लगानीमा फरक देखिएको विवरण

(रू. लाखमा)

| क्र. सं. | सार्वजनिक संस्थानको नाम | संस्थानले देखाएको रकम | म.ले.नि.का. ले देखाएको रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | जडिवुटी उत्पादन तथा प्रशोधन कं. लि. | 2,75 | 3,97 | -1,22 |
| २ | कृषि सामग्री कंपनी लि. | 42,63 | 41,36 | 1,27 |
| ३ | राष्ट्रिय बीउ बिजन कम्पनी लि. | 11,85 | 11,01 | 84 |
| ४ | नेपाल खाद्य संस्थान | 99,05 | 99,93 | -88 |
| ५ | नेपाल आयल निगम लि. | 9,67 | 29,08 | -19,41 |
| ६ | नेपाल नागरिक उड्डयन प्राधिकरण | 9,91,86 | 15,20,50 | -5,28,64 |
| ७ | ग्रामीण आवाश कम्पनी लि. | 2,33 | 27 | 2,06 |
| ८ | नेपाल खानेपानी संस्थान | 34,76 | 1,40,77 | -1,06,01 |
| ९ | नेपाल विद्युत प्राधिकरण | 33,12,11 | 32,64,92 | 47,19 |
| १० | नेपाल दूर सञ्चार कम्पनी लि. | 15,00,00 | 14,99,50 | 50 |
| ११ | कृषि विकास बैंक लि. | 10,77,75 | 10,36,28 | 4147 |
| १२ | नेपाल औद्योगिक विकास निगम लि. | 41,58 | 34,92 | 6,66 |
| १३ | नागरिक लगानी कोष | 800 | 40 | 760 |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

## तालीका ९(घ): नेपाल सरकारको ऋण लगानीमा फरक देखिएको विवरण

(रू. लाखमा)

| क्र. सं. | सार्वजनिक संस्थानको नाम | संस्थानले देखाएको रकम | म.ले.नि.का.ले देखाएको रकम | फरक |
|---|---|---|---|---|
| १ | नेपाल औषधि लिमिटेड | 12,64 | 10,85 | 1,79 |
| २ | उदयपुर सिमेण्ट उद्योग लि. | 1,74,00 | 2,22,50 | -48,50 |
| ३ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि | 1,32,64 | 35,70 | 9694 |
| ४ | नेपाल खाद्य संस्थान | 3346 | 42 | 3304 |
| ५ | दि टिम्वर कर्पोरेशन अफ नेपाल | 547 | 578 | -31 |
| ६ | नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. | - | 10 | -10 |
| ७ | नागरिक उड्डयन प्राधिकरण | 2,24,29 | 1,85,93 | 3836 |
| ८ | नेपाल खानेपानी संस्थान | 65,96 | 3,95,85 | -3,29,89 |
| ९ | नेपाल विद्युत प्राधिकरण | 55,20,17 | 56,89,42 | -1,69,25 |
| १० | नेपाल दूर सञ्चार कम्पनी लि. | - | 10,43 | -10,43 |
| ११ | कृषि विकास बैंक लि. | - | 39,77 | -39,77 |
| १२ | नेपाल औद्योगिक विकास निगम लि. | - | 65 | -65 |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

यसरी लामो समयसम्म हिसाव मिलान नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरूको वास्तविक वित्तीय अवस्था समेत यथार्थ चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुनु अत्यावश्यक छ ।

**कर्मचारी/कामदारको अवस्था**

९.२७ सरकारको पूर्ण/अधिकांश स्वामित्व रहेका यी ३६ वटा सार्वजनिक संस्थानहरूमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा ३६ हजार ५ सय २४ जना कर्मचारी/कामदारहरू कार्यरत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा ३७ हजार ५ सय ७२ जना कार्यरत रहेका छन् । आगामी आर्थिक वर्ष २०६७/६८ मा सो सङ्ख्या ३४ हजार ७ सय ६८ मा झर्ने अनुमान गरिएको छ । संस्थानहरूमा अनावश्यक जनशक्तिको चाप अझै छ । उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीहरूका कर्मचारी/कामदार सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सरकारी संस्थानहरूमा कार्यरत कर्मचारीहरूको सङ्ख्या अनुरूप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण हुन सकिरहेको छैन । यसले गर्दा संस्थानहरूको शिरोभार खर्चमा वृद्धि भई वित्तीय भार बढिरहेको छ र कार्यरत कर्मचारी/कामदारहरूको कम उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर गइरहेको छ । एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार/कर्मचारीहरूमा प्रतिस्पर्धी भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ कामदार कर्मचारीहरू बढी सुविधाभोगी भइरहेका छन् । व्यवसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न बाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरू गुज्रिरहेका छन् । यी विभिन्न कमि कमजोरीहरूको वावजुद पनि केही संस्थानहरूले अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन एवम् बिक्री वितरण प्रभावकारीरुपमा गर्दै आएका छन् ।

**कोषको व्यवस्था नगरिएको दायित्व**

९.२८ धेरैजसो सार्वजनिक संस्थानहरूले कर्मचारीलाई दिनुपर्ने उपदान तथा विदाको रकम जस्ता दायित्व पूर्णरुपमा कोषमा व्यवस्था नगरेका तथा संभावित दायित्व समेत ठूलो रकममा रहेको देखिन्छ । यसरी आर्थिक वर्ष २०६५/६६ सम्ममा संस्थानले कोष व्यवस्था नगरेको तथा विद्यमान रहेको संभावित दायित्व निम्नानुसार रहेको छ :-

**तालीका ९(ङ): कोषको व्यवस्था नगरिएको दायित्व भएका संस्थानहरु**

(रू. लाखमा)

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | कोष व्यवस्था नभएको | सम्भावित दायित्व | जम्मा |
|---|---|---|---|---|
| १. | दुग्ध विकास संस्थान | 29,82 | 8,57 | 3839 |
| २ | जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि. | 15,53 | 15 | 1568 |
| ३ | हेटौडा सिमेन्ट उद्योग लि. | 13,21 | 0 | 1321 |
| ४ | जनकपुर चुरोट कारखाना लि. | 76,19 | 0 | 7619 |
| ५ | नेपाल औषधि लि. | 12,49 | 0 | 1249 |

| क.सं. | सार्वजनिक संस्थानको नाम | कोष व्यवस्था नभएको | सम्भावित दायित्व | जम्मा |
|---|---|---|---|---|
| ६ | उदयपुर सिमेन्ट उद्योग लि. | 800 | 0 | 8,00 |
| ७ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. | 0 | 18,40 | 18,40 |
| ८ | कृषि सामग्री कम्पनी लिमिटेड | 20,10 | 15 | 20,25 |
| ९ | राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड | 57 | 0 | 57 |
| १० | नेशनल ट्रेडिङ्ग लिमिटेड | 10,39 | 0 | 10,39 |
| ११ | नेपाल खाद्य संस्थान | 58,00 | 0 | 58,00 |
| १२ | नेपाल आयल निगम लि. | 0 | 2,70 | 2,70 |
| १३ | दि-टिम्बर कर्पोरेशन अफ नेपाल लि. | 7,34 | 0 | 7,34 |
| १४ | औद्योगिक क्षेत्र व्यवस्थापन लि. | 1,52 | 0 | 1,52 |
| १५ | नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. | 2,32 | 0 | 2,32 |
| १६ | नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. | 1,93 | 0 | 1,93 |
| १७ | नेपाल इञ्जिनीयरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. | 0 | 0 | 0 |
| १८ | नेपाल वायुसेवा निगम | 54,63 | 9,00 | 63,63 |
| १९ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र. लि. | 0 | 0 | 0 |
| २० | नागरिक उड्डयन प्राधिकरण | 0 | 0 | 0 |
| २१ | सांस्कृतिक संस्थान | 94 | 0 | 94 |
| २२ | गोरखापत्र संस्थान | 0 | 0 | 0 |
| २३ | जनक शिक्षा सामग्री केन्द्र लि. | 12,50 | 2,00 | 14,50 |
| २४ | नेपाल टेलिभिजन | 7,68 | 0 | 7,68 |
| २५ | ग्रामीण आवास कम्पनी लि. | 2,80 | 0 | 2,80 |
| २६ | नेपाल खानेपानी संस्थान | 29,47 | 0 | 29,47 |
| २७ | नेपाल विद्युत प्राधिकरण | 2,89,66 | 10,52,46 | 13,42,12 |
| २८ | नेपाल दूरसञ्चार कम्पनी लि. | 2,44,93 | 2 | 2,44,95 |
| २९ | कृषि विकास बैंक लि. | 0 | 2,54,44 | 2,54,44 |
| ३० | राष्ट्रिय बिमा संस्थान | 0 | 0 | 0 |
| ३१ | नेपाल औद्योगिक विकास निगम लि. | 0 | 0 | 0 |
| ३२ | राष्ट्रिय वाणिज्य बैंक लि. | 54,41 | 3,63,09 | 4,17,50 |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

## सरकारी संस्थानहरूको विनिवेश, खारेजी र विघटन

९.२९ सरकारी संस्थानहरूको दक्षता वृद्धि गरी उत्पादकत्व बढाउन, सरकारलाई परेको प्रशासनिक तथा वित्तीय भार कम गर्न र निजी क्षेत्रको सहभागिता वृद्धि गर्नुका साथै प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउने समेत उद्देश्य राखी विक्रम सम्वत् २०५० देखि सरकारी स्वामित्वमा रहेका संस्थानहरूको निजीकरण, खारेजी र विघटन प्रक्रिया अघि बढाइएको हो । आर्थिक वर्ष २०६६/६७ सम्ममा जम्मा ३० वटा सार्वजनिक संस्थानहरूको व्यवसाय तथा सम्पत्ति विक्री, आंशिक शेयर विक्री, चालु सम्पत्ति विक्री

तथा भवन र जग्गा भाडा, व्यवस्थापन करार, खारेजी तथा विघटन जस्ता प्रकृयाहरू अपनाई विनिवेश गरिएको छ। यस सम्बन्धी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

### तालीका ९(च): विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू

| क्र सं | संस्थान/प्रतिष्ठानको नाम | विनिवेश वा खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | शेयर बिक्री (प्रतिशत) | विनिवेशबाट प्राप्त (रकम रू.'०००) |
|---|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना | 1992 | व्यवसाय एवं सम्पत्ति बिक्री | - | 22,9800 |
| २ | हरिसिद्धि ईटा टायल कारखाना | 1992 | व्यवसाय एवं सम्पत्ति बिक्री | - | 21,48,30 |
| ३ | बाँसबारी छाला जुत्ता कारखाना | 1992 | व्यवसाय एवं सम्पत्ति बिक्री ( जग्गा वाहेक) | - | 29,854 |
| ४ | चलचित्र विकास कम्पनी | 1993 | शेयर बिक्री | 51.0 | 64,662 |
| ५ | बालाजु कपडा उद्योग | 1993 | शेयर बिक्री | 70.0 | 17,716 |
| ६. | काँचो छाला संकलन तथा बिक्री केन्द्र | 1993 | शेयर बिक्री | 100.0 | 39,90 |
| ७ | नेपाल विटुमिन तथा व्यारेल उद्योग | 1994 | शेयर बिक्री | 65.0 | 13,127 |
| ८ | नेपाल ल्यूब आयल | 1994 | शेयर बिक्री | 40.0 | 31,057 |
| ९ | नेपाल जुट विकास तथा व्यापार कम्पनी | 1993 | खारेजी | - | - |
| १० | सूर्ति विकास कम्पनी | 1994 | खारेजी | - | - |
| ११ | नेपाल ढलौट कारखाना | 1996 | शेयर बिक्री | 51.0 | 14,473 |
| १२ | श्री रघुपटि जुट मिल्स | 1996 | शेयर बिक्री | 65.0 | 82,204 |
| १३ | नेपाल बैंक लि. | 1997 | शेयर बिक्री | 10.0 | 12,51,40 |
| १४ | कृषि आयोजना सेवा केन्द्र | 2001 | खारेजी | - | - |
| १५ | नेपाल चिया विकास निगम | 2000 | शेयर बिक्री | 65.0 | 26,71,05 |
| १६ | विराटनगर जुट मिल्स | 2002 | व्यवस्थापन करार | - | - |
| १७ | हिमाल सिमेण्ट उद्योग लि. | 2002 | खारेजी | - | - |
| १८ | घरेलु शिल्पकला बिक्री भण्डार | 2002 | खारेजी | - | - |
| १९ | नेपाल कोल लि. | 2002 | खारेजी | - | - |
| २० | हेटौंडा कपडा उद्योग | 2002 | खारेजी | - | - |
| २१ | नेपाल यातयात संस्थान | 2002 | विघटन | - | - |
| २२ | बुटवल पावर कम्पनी | 2003 | शेयर बिक्री | 75.0 | 87,4200 र १० लाख अमेरिकि डलर |
| २३ | वीरगञ्ज चिनी कारखाना लि. | 2003 | खारेजी | - | - |
| २४ | कृषि औजार कारखाना लि. | 2003 | खारेजी | - | - |
| २५ | भक्तपुर ईंटा कारखाना लि. | 2004 | सम्पत्ति बिक्री र भाडा | - | 14,500 (सम्पत्ति बिक्री 31,900 ( १० वर्षको भाडा) |
| २६ | लुम्बिनी चिनी कारखाना | 2006 | सम्पत्ति बिक्री र भाडा | - | 78,600 (सम्पत्ति बिक्री) 42,12 ( प्रति वर्ष भाडा) |
| २७ | नेपाल रोजिन एण्ड टर्पेण्टाईन लिं | 2006 | सम्पत्ति बिक्री र भाडा | - | 11,01,00 (सम्पत्ति बिक्री) 30,12 ( प्रति वर्ष भाडा) |
| २८ | कृषि चुन उद्योग लि. * | 2006 | खारेजी | | |
| २९ | नेपाल ड्रिलिङ्ग कम्पनी | 2006 | खारेजी | | |

| क्र सं | संस्थान/प्रतिष्ठानको नाम | विनिवेश वा खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | शेयर बिक्री (प्रतिशत) | विनिवेशबाट प्राप्त (रकम रू.'०००) |
|---|---|---|---|---|---|
| ३० | नेपाल दूरसंचार कंपनी लि. | 2008 | शेयर विक्री | 8.53 | ४,२६,४१,३९ |

* कम्पनी रजिष्टारको कार्यालयबाट दर्ता खारेजी भैसकेको ।

९.३० निजीकरण गरिएका संस्थानहरूको निजीकरण पछिको अवस्था सम्बन्धमा अनुगमन हुन सकेको छैन । केही संस्थानहरू निजीकरण पछि बन्द भएका र संचालनमा रहेकाहरूमा पनि लगानी, उत्पादन र उत्पादकत्व वृद्धि हुन नसकेको र ठूलो संख्यामा रोजगारीमा कटौती भएको देखिन्छ। यसै क्रममा सरकारी स्वामित्वमा रहेका तथा निजीकरण भएका सार्वजनिक संस्थानहरूको वास्तविक स्थिति अध्ययन गरी समसामयिकरुपमा सुधार गर्न प्रा. डा. श्रीराम पौडेलको संयोजकत्वमा एक कार्यदल गठन गरिएकोमा सो कार्यदलले निजीकरणमा रहेका समस्या तथा सुझावहरु समेत दिएको छ। आर्थिक वर्ष २०६६/६७ मा कुनै पनि सार्वजनिक संस्थानको निजीकरण प्रक्रिया अगाडि बढेको छैन। निजीकरण भईसकेका संस्थानहरूमध्ये कृषि चुन उद्योग लि. को लिक्विडेशन कार्य समाप्त भई रजिष्ट्रारको कार्यालयबाट दर्ता खारेज समेत भइसकेको छ।

९.३१ करिव डेढ दशक अघि सुरु भएको निजीकरणको अनुभवबाट कार्यान्वयनमा मूलभूतरुपमा निम्न चुनौतिहरू देखिएका छन् ।

**मञ्जुषा ९(क) : निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका चुनौतीहरू**

**समायोजन हिसाव मिलान :**

विक्री भएको सम्पत्तिको लिनु दिनु पर्ने मूल्य निजीकरण गरिएका केही सार्वजनिक संस्थानहरूको निजीकरण गर्ने सिलसिलामा तयार पारिएको विवरण (Information Memorandum) मा उल्लेख भएको सम्पत्तिको परिमाण, गुणस्तर र अवस्थाको बारेमा सम्झौता पश्चात् भौतिक परीक्षण गर्दा नेपाल सरकारको तर्फबाट नियुक्त मूल्याङ्कनकर्ता र सम्बन्धित खरीदकर्ताको मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनमा ठूलो अन्तर भई खरिदकर्ता र सरकारबीच विवाद सिर्जना भई निजीकरण सम्बन्धी कार्य टुङ्गोमा पुऱ्याउन व्यवधान पर्ने गरेको छ। बालाजु कपडा उद्योग, रघुपति जुट मिल, भक्तपुर ईटा कारखाना, नेपाल रोजिन एण्ड टर्पेनटाइन आदिमा अझैपनि यो समस्या रहेको छ।

**जग्गा अतिक्रमण :**

निजीकरणको सिलसिलामा भाडा (Lease) मा दिईएका जग्गाहरू अतिक्रमण भएको कारणबाट खरीदकर्ताले उपयोगमा ल्याउन नसकेको अवस्थाले पनि निजीकरण टुङ्गोमा पुऱ्याउन सकिएको छैन। रघुपति जुट मिल र नेपाल चिया विकास निगममा यस सम्बन्धी ठूलो समस्या रहेको छ।

**न्यायीक निकायमा गएका विषयहरू :**

निजीकरण गरिएका केही सार्वजनिक प्रतिष्ठानका खरिदकर्ताहरूले सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई मुद्दामा गएका छन् । यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम असुल गर्न कठिनाई भएको र निजीकरण प्रक्रिया फर-फारक गर्न नसकिएको अवस्था छ। हरिसिद्धि ईटा टायल कारखाना, भृकुटी कागज कारखाना, कृषि औजार कारखाना र भक्तपुर ईटा कारखानामा यस्तो समस्या रहेको छ।

**सम्पत्ति व्यवस्थापन गर्न कठिनाई :**

विघटित तथा खारेज गरिएका सार्वजनिक संस्थानहरूको सम्पत्ति विक्री गर्न सकिएको छैन । हेटौंडा कपडा उद्योग खारेज गरेको ६ वर्ष भैसक्दा पनि यस्तो सम्पत्ति बिक्री हुन सकेन । मेशिनरीहरू धेरै पुराना भएको कारणबाट पनि यस्तो हुन गएको हो । नेपाल ड्रिलिङ्ग कंपनी, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखानामा पनि यस्तो अवस्था रहेको छ । हेटौंडा कपडा उद्योग लिक्विडेशनमा लैजाने निर्णय भई लिक्विडेटर नियुक्त भई काम सुरु भएको छ ।

**अनुगमन तथा मूल्याङ्कन :**

जुन उद्देश्यका साथ सार्वजनिक संस्थान निजीकरण गरिएको हो सो उद्देश्य प्राप्त हुन सके नसकेको अनुगमन गर्न नसकिएको कारण वास्तविक अवस्था बारे उल्लेख गर्न सकिने अवस्था छैन । तसर्थ, निजिकृत संस्थाहरूको नियमितरुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

निजीकरण कार्य सम्पन्न गर्न सरकारले ठूलो आर्थिक दायित्व बेहोर्नु परेको छ । पछिल्लो चरणमा विनिवेश एवं खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरूको दायित्व फरफारक गर्नको लागि नेपाल सरकारले दायित्व व्यहोरेको छ । खारेज, विघटन वा विनिवेश कार्य सम्पन्न भइनसकेका संस्थानहरूको लागि अझै ठूलो आर्थिक भार सरकारले बहन गर्नुपर्ने अवस्था रहेको छ ।

## तालीका ९(छ): विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरूमा नेपाल सरकारबाट गरेको लगानी विवरण

(रू. लाखमा)

| सि.नं. | संस्थानको नाम | २०६५/६६ सम्म | २०६६/६७ | जम्मा |
|---|---|---|---|---|
| 1. | हिमाल सिमेण्ट कंपनी | 4302.00 | 0 | 4302.00 |
| 2. | भक्तपुर ईटा कारखाना | 2062.31 | 0 | 2062.31 |
| 3. | वीरगञ्ज चिनी कारखाना | 7094.40 | 30.29 | 7124.69 |
| 4. | कृषि औजार कारखाना | 544.76 | 16.40 | 561.16 |
| 5. | नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. | 1808.12 | 0 | 1808.12 |
| 6. | लुम्बिनी चिनी कारखाना | 5089.67 | 0 | 5089.67 |
| 7. | कृषि चुन उद्योग लि. | 825.86 | 0 | 825.86 |
| 8. | नेपाल कोल लि. | 83.91 | 0 | 83.91 |
| 9. | नेपाल यातायात संस्थान | 4977.53 | 0 | 4977.53 |
| 10. | हेटौंडा कपडा उद्योग | 5360.35 | 0 | 5360.35 |
| 11. | घरेलु शिल्पकला विक्री भण्डार | 810.33 | 0 | 810.33 |
| 12. | नेपाल चिया विकास निगम | 1190.02 | 1.36 | 1191.38 |
| 13. | वुटवल धागो कारखाना लि. | 0 | 4722.45 | 4722.45 |
| 14. | विराटनगर जुट मिल्स | 4514.09 | 5872.19 | 10386.28 |
| | जम्मा: | 38663.35 | 10642.69 | 49306.04 |

९.३२ सामान्यतया सार्वजनिक संस्थानहरूको दायित्व संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थानको दायित्व लगानी गरिएको शेयरमा मात्र सीमित हुनु पर्नेमा Minority Share रहेका विराटनगर जुट मिल्स जस्ता संस्थानहरूमा समेत नेपाल सरकारले निरन्तर ठूलो लगानी गरिरहनु परेको छ। यसको पछिल्लो उदाहरण वुटवल धागो कारखाना लि. र विराटनगर जुट मिल्सका कामदार कर्मचारीहरूलाई Pay off गर्दा ४७ करोड २२ लाख र ५८ करोड ७२ लाख लगानी गर्नु परेको अवस्था छ ।